# आ.व. २०८०/०८१ को जेठ २८ गते सम्मको फाकफोकथुम गाउँपालिका वडा नं. ६ बाट सञ्चालित योजना तथा कार्यक्रमको प्रगति प्रतिवेदन-

## परिचय-

कोशी प्रदेश को सुन्दर जिल्ला इलामको पश्चिम भुभागमा रहेको पहाडकी रानी, नगदे वालीको खानी उपनामले परिचित फाकमफोकथुम गाउँपालिकामा रहेका ७ वटा वडाहरु मध्येको एक वडा यो वडा नं. ६ हो। जातीय, भाषिक, धार्मिक, सांस्कृतिक विविधताले भरिपूर्ण यस फाकफोकथुम गाउँपालिकाको पुर्व क्षेत्रमा यो ६ नं. वडा अवस्थित रहेको छ। संघीय संरचनाको निर्माण हुने क्रममा साबिक एकतप्पा गा.वि.स. वडा नं. १,२,३ र ४ त्यसैगरी साबिक चमैता गा.वि.स वडा नं.९ मिलेर फाकफोकथुम गाउँपलिका वडा नं. ६ निर्माण भएको हो। यस वडा नं. ६ को क्षेत्रफल १०.९७ वर्ग किमिर र घरधुरी सर्वेक्षण २०७६ अनुसार जनसंख्या २७९६ जना रहेको जसमा पुरुष १४७७ महिला १३१९ रहेको छ। यस वडाको पूर्वमा देउमाई नगरपालिकाको वडा नं. १ रहेको छ। पश्चिममा फाकफोकथुम गाउँपालिकाको वडा नं. २ रहेको छ। उत्तरमा पांच्थर जिल्लाको फाल्गुनन्द गाउँपालिका वडा नं.३ रहेको छ र दक्षिणमा फाकफोकथुम गाउँपालिका वडा नं.७ रहेको छ। फाकफोकथुम गाउँपालिकाको वडा नं. ६ पहाडी क्षेत्रमा अवस्थित छ। यो वडा को सम्पुर्ण क्षेत्र पहाडी रहेको छ। यहाँका अधिकांश बासिन्दा कृषि कार्यमा संलग्न रहेका छन्। यस वडाका मुख्य उत्पादन धान, मकै ,कोदो तथा दुध जन्य उत्पादन अन्तरगत दुध, छुर्पी पनिर, घिउ, तथा मासु जन्य उत्पादनमा खसी बाख्रा, हाँस कुखुरा ,बंगुर तथा निर्यात मा गाई गोरु लगायत छन फाकफोकथुम गाउँपालिका वडा नं. ६ निवासी अधिकांश मानिसहरुको जिवनस्तर मध्यम रहेको छ । विकासशील अवस्थामा रहेको वडा नं. ६ विकासको शिलशिलामा फड्को मारिरहेको अवस्थामा छ। फाकफोकथुम ६ मा धापसिम सिमसार, बागमती सिमसार ,तिनचुले र भ्यागुत्ते ढुङगा क्षेत्र जस्ता अथाहा पर्यटकीय सम्भावना बोकेका स्थानहरु रहेका छन् , जसले फाकफोकथुम गाउँपालिका वडा नं.६ को समग्र पर्यटनालाई नै विकास र प्रबर्द्धन गर्न सक्ने देखिन्छ।

## सेवा प्रवाह-

**फाकफोकथुम गाउँपालिका वडा नं. ६ को सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन निम्नानुसारको व्यवस्था गरिएको छ -**

१. सेवाग्राहीको हितलाई मध्यनजर गर्दै विभेद रहित सेवा प्रवाहको व्यवस्था मिलाईएको,
२. पहिले आउनेलाई पहिले सेवा प्रवाह गर्ने गरिएको छ,
३. व्याक्तिगत घटना दर्ता र सामाजिक सुरक्षालाई कम्प्युटरमा आधारित अनलाईन प्रणालीबाट सञ्चालन गरिएको,
४. योजना सम्झौतासँग सम्बन्धित अधिकांश काम वडा कार्यालय बाट गर्ने गरिएको,
५. सेवाग्राहीलाई सेवा लिदा आवश्यक पर्ने सम्पूर्ण कागजातका फोटोकपी र योजनासँग सम्बन्धित कागजातका फोटोकपी वडा कार्यायलबाट नै गरिदिने व्यवस्था रहेको।

६. कामको शिलशिलामा जिल्ला सदरमुकाम इलाम पुगेर अन्य प्रमाणित कागजान आवश्यक परेका सेवाग्राहीलाई वडाबाट विद्युतीय मेलको माध्यमबाट कागजात पठाइ सेवा प्रवाहलाई चुस्त, दुरुस्त र सरल बनाइने गरिएको।

७. उपभोक्ता समितहरु गठन गर्दा वडा समितिले निर्णय गरेर मिति, समय र स्थान कम्तिमा ५ दिन अगाबै र कार्यलय तथा सामाजिक सञ्जाल मार्फत सूचना सम्प्रेषण गरी गठन गर्ने गरिएको छ।

८. सामाजिक सुरक्षा भत्ता नवीकरण शिविर वडामा चार स्थानहरु वडा कार्यालय, चार वटा टोलहरु बाट नवीकरण गर्ने गरेको ।

९. सामाजिक सुरक्षा भत्ता प्रविधि मार्फत बैंकबाट नै वितरण गर्ने गरिएको।

१०.सम्पूर्ण योजनाको कामको प्रत्यक्ष निगरानी प्राविधिकबाट हुने र भुक्तानी हुनु अगावै वडाका प्रतिनिधिहरुबाट र पाच लाख भन्दा माथिका योजनाहरु अनुगमन समितिका संयोजक गाउँपालिकाको उपाध्यक्ष सहितको टोलीबाट अनिवार्य अनुगमन गरेर मात्रै भुक्तानीको सिफारिस दिने गरिएको।

११.समय समयमा गाउँ गाउँमा गएर घुम्ति शिविर मार्फत घटना दर्ताको सुचना संकलन , स्वास्थ्य परिक्षण गरि औषधी वितरण , पशुको औषधि वितरण गरिएको।

१२.महामारी जन्य रोग जस्तै कोभिड -१९ तथा पशुको विभिन्न हाल (लम्पी स्किन )रोग विरुद्ध खोप सञ्चालनमा रहेको।

१३.योजनको अन्तिम भुक्तानीको काम प्रविधिक शाखावाट हुने गरेको।

## यस वर्षमा देखिएका हालसम्म भएको कार्य प्रगतिहरु

१. अल वेदर गाउँपालिका तथा जिल्ला सदरमुकाम सवारी आवागमन गर्न सकीने स्थिति बनाउने प्रयास गरीरहेको ,

२. महामारी जन्य रोग रोगथामका लागी गरिएको पशु भ्याक्सिन कार्यक्रम ,

३. कावेली कोरीडोर द्धारा बिद्युत बिस्तार अर्न्तगत ३ वटा ट्रान्स फर्मर को काम भइरहेको र एल टि फोल ४०० थान र कालो तारको व्यवस्था मिलाई काम बिस्तार भइरहेको ।

४. फौजि किराको रोगथामका लागी निसुल्क औषधी वितरण

५. ३.४ किलो मिटर सोलिङ र ८.२ किलो मिटर ग्रावेल भएको ।

६. ६३.१ कि.मि कच्चि सडक खनिएको

७. लम्फी इस्कीन रोगवाट क्षतीभएका पशुहरुको क्षतीवापतको रमक प्रदेश सरकार र संघीय सरकार संग माग गरिएको ।

८. ३ ठाउँमा ह्युम पाइप ७ वटा लगाइएको ।

९. वडा कार्यालय कमेरे सडकमा विभिन्न ५० प्रतिशत दाताको सहयोग तथा गाउँपालिकाको मेशिनको सहयोगमा ५ दिन बाटोमा ग्राबेल लगाउने काम सम्पन्न गरियो ।

१०. ५ जना कृषकलाई बायोग्यास वितरण गरी काम सम्पन्न भएको

११. डिजिटल प्रोफाइलको काम अन्तिम चरणमा पुगेको ।

१२. सिंचाइका लागी २ वटा ठुला कुलोको डिटेल सर्बे गरी पठाई सकेको ।

१३. सिम्सारा टोलमा २५ हाजार लिटरको ३ बटा ट्याङकी निर्माण र ५२ घर भुरीको लागी पाइप र धाराको काम बिस्तार भइरहेको ।

१४.टोल नं.४ मा २० हजार लिटरको १ वटा ट्याङकी र ३४ घर परिवारलाई ३४ वटा मिटर वला धारा जडान भइसकेको ।

१५.४९ घर परिवारको अव्यवस्थित बसोवासको फर्म भरी सुकुम्बासी आयोगमा पेस गरेको।

१६.कमेरे वडा कार्यालय पुस्ने सडकमा पकी नाली र ग्रावेलका लागी सरोकारवाला संग कुरा कानी भइरहेको

१७.मंगलवारे बाट बिद्युत ल्याउन प्रयास भइरहेको ।

१८.सव डिभिजन वन कार्यालयको भवन बनाउन फलाटेमा ३ रोपनि जग्गा निशुल्क उपलब्ध भएको र ८०००००० रुपया वजेट स्वीकृत भएको

१९.सडक तथा पहिरोमा तल्काल आवत जावत गर्न गा.पा वाट मेसीन आई सडक मा ग्रावेल लगाइएको ।

२०.स्वास्थ्य सेवा वडा बाट नै भइरहेको ।

२१.जन्म र मृत्यु वापतको रकम पुन दिने काम भइरहेको ।

२२.आवस्यक्ता अनुसार एम्बुलेन्स सेवा प्रधान गरिरहेको ।

## राजश्व आम्दानी विवरण(जेठ २८ गते सम्म)

**वडा नं. ६**

| क्र.सं. | शीर्षक | जम्मा |
|---|---|---|
| १. | नगदी रसिदबाट आम्दानी | २६६९२०। |
| २. | मालपोतबाट आम्दानी | २१५१२३.६४। |
| | जम्मा | ४८२०४३.६४। |

## व्यक्तिगत घटना दर्ता विवरण(जेठ २८ गते सम्म)

**वडा नं. ६**

| क्र.सं. | व्यक्तिगत घटना | पुरुप | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | जन्मदर्ता | ३३ | २५ | ५८ |
| २. | मृत्यु दर्ता | १० | १३ | २३ |
| ३. | विवा दर्ता | १७ जोडी | | १७ जोडी |
| ४. | सम्बन्ध विच्छेद दर्ता | १ वटा | | १ वटा |
| ५. | बसाईँसराई आएको परिवार संख्या | २ परिवार ५ परिवार संख्या | | |
| ६. | बसाईँसराई गएको परिवार संख्या | ५ परिवार १६ परिवार संख्या | | |

## रास्ट्रियपरिचय पत्र तथा पन्जिकरण अर्न्तगत सामाजिक सुरक्षा कार्यक्रम

| प्रथम किस्ता | | दोस्रो किस्ता | | तेस्रो किस्ता | |
|---|---|---|---|---|---|
| जेष्ठ नागरिक अन्य | १५९ | जेष्ठ नागरिक अन्य | १५९ | जेष्ठ नागरिक अन्य | १५८ |

| | | | | | |
|---|---|---|---|---|---|
| जेष्ठ नागरिक दलित | ११ | जेष्ठ नागरिक दलित | १२ | जेष्ठ नागरिक दलित | ११ |
| एकल महिला | १३ | एकल महिला | १३ | एकल महिला | १३ |
| विधवा महिला | १८ | विधवा महिला | २० | विधवा महिला | २० |
| अति असक्त अपाङ्ग | १९ | अति असक्त अपाङ्ग | २१ | अति असक्त अपाङ्ग | २१ |
| पुणर् अपाङ्ग | ६ | पुणर् अपाङ्ग | ६ | पुणर् अपाङ्ग | ६ |
| दलित वालवालिका | १४ | दलित वालवालिका | १५ | दलित वालवालिका | १४ |
| जम्मा | २४३ | | २४६ | | २४३ |

| चौथो किस्ता | |
|---|---|
| जेष्ठ नागरिक अन्य | १६६ |
| जेष्ठ नागरिक दलित | १४ |
| एकल महिला | १३ |
| विधवा महिला | १९ |
| अति असक्त अपाङ्ग | २१ |
| पुणर् अपाङ्ग | ७ |
| दलित वालवालिका | २२ |
| | २६२ |

आ.व ०८०।८१ मा ३२ जना नयाँ लाभग्राही थप भएको ।

**वडामा दर्ता भएको जम्मा पत्र(जेठ २८ गते सम्म)**

**पत्र संख्या – दर्ता नं. १ देखी ३३५ सम्म**

## विपत सम्बन्धि २५ बटा उजुरी परेको जसमध्ये
## १ वडा गा.पा उजुरी न्यायीक समितिमा पठाइएको
## १९ वडा उजुरी मेललमिलाप भइसकेको
## ५ वटा उजुरी मेलमिलाप गर्न बाँकी

**वडाबाट भएका सिफारिस(जेठ २८ सम्म)**

| क्र.सं. | शीर्षक | संख्या |
|---|---|---|
| १ | गा.पा र बैंक पठाइएको सिफारिस (योजना र विविध) | ५८ |
| २ | मालपोत कार्यालय पठाइएको सिफारिस | १९२। |
| ३ | जिल्ला प्रशासन कार्यालय पठाइएको सिफारिस | ६५ |
| ४ | सामाजिक सुरक्षा बैंक खाता खोल्ने सिफारिस | ३१ |
| ५ | अन्य सिफारिस | ३६६ |
| | जम्मा सिफारिस | ७३९ |

प्रधानमन्त्री रोजगार अन्तर्गत यस वडा नं. ६ को लागि

| नाम | रकम रु लाखमा | योजना समचालित स्थान |
|---|---|---|
| प्रधानमन्त्री रोजगार कार्यक्रम र प्रधानमन्त्री युवा रुप रोजगार | ६९४,७२०।०० गा.पा साजेदारी १००,०००।०० | **नं.६ साखा बाटोको नालि सरसफाई र बाटो सोलिङ ६ नं. वडाको टोल नं.१,२,३ र ४ टोलमा नालि सरसफाई र १०० मिटर माटो सोलिङ भएको** |

वडा सिलिङबाट बिनियोजित योजना आर्थिक विकास अन्तर्गत

कृषि विकास तर्फ

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | कृषि प्रवर्धन आलु र तरकारीको वीउ खरिद तथा वितरण | ५४००००। |
| | पशुविकास तर्फ | |
| १ | गोठ सुधार र च्यापकटर खरिद<br>खोर सुधार | ८०००००।<br>१०००००। |

खेलकुद विकास कार्यक्रम

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रमक |
|---|---|---|
| १ | वडा स्तरीया खोलाडी छनौट कार्यक्रम गा.पा. योजना | २५००००। |

**सामाजिक विकास, संस्थागत र सुशासन तर्फ सञ्चालन भएको योजना-**

२.दलित लक्षीत आयआर्जनमुलक कार्यक्रम रकम रु.१००००० ।

**तरकारी खेती सम्बन्धि तालिम संचालन भएको**

३.महिलाह लक्षीत आयआर्जनमुलक कार्यक्रम रकम रु.१००००० ।

**मुडे च्याउ र पराले च्याउ खती सम्बन्धि आर्यआजन र सिपमुलक कार्यक्रम संचालन भएको**

४.जनजाती लक्षीत आयआर्जनमुलक कार्यक्रम रमक रु.१००००० ।

**मुडा बन्ने तालिम संचालन भएको**

७. अपाङ लक्षीत आयआर्जनमुलक कार्यक्रम रमक रु.५०००० ।

**झोल साबुन बनाउने तालिम संचालन भएको**

८.प्रहरी चौकी इन्धन व्यवस्थापन रमक रु.३०००० ।

९.आयुर्वेध र रेडकस व्यवस्थापन कार्यक्रम रकम रु.५०००० ।

१०.वडा व्यवस्थापन रकम रु.११०००००। काम भइरहेको ।

११ जनाकि मा.वि पुस्तकालय व्यवस्थापन रु.६५००००। काम  सम्पन्न हुन लागेको ।

**फाकफोकथुम गाउँपालिका वडा नं. ६ मा सञ्चालन भएको  विभिन्न कार्यक्रमहरुको विवरण(तालिम तथा विविध)-**

१. गोठ तथा खोर सुधार सम्बन्धि अभिमुखिकरण तालिम संचालन ,
२. किसान सुचिकरण सम्बन्धि १ दिने सिभिर संचालन ,
३. आलुको विउ र तरकारीको विउ वितरण कार्यक्रम संचालन,
४. योजना तर्जुमा कार्यक्रम ४ बटा नै टोलमा ।
५. पशु बिकास कार्यक्रम मार्फत १० जना कृषकलाई मोटर सहितको च्यापकटर वितरण गरियो ।
६. पशु बिकास कार्यक्रम मार्फत २१ जना कृषकलाई गोठ र ५ जना किसानलाई खोर वितरण गरियो ।
७. २०८०।८१ को सामाजिक सुरक्षाभत्ता नविकरण ४ वटा टोलमा गरियो ।
८. रामपुर कम्पोजिट १७० के.जि  र मनकामना ३ १०९० के.जि मकैको विउ कृषकहरुलाई वितरण गरियो ।
९. ८ वडा विधालयमा ८ वटा विद्युतिय पानी फिल्टर वितरण गरेको ।
१०.जनाकि मा.वि पुस्तकालय व्यवस्थापन रु.६५००००। काम  सम्पन्न हुन लागेको ।

# सुशासन-

**यस फाकफोकथुम गाउँपालिका वडा नं. ६ बाट प्रवाह हुने सेवा प्रवाहलाई जनमुखी बनाई नागरिकको अपेक्षाअनुरुप प्रभावकारी छिटो, छरितो र प्रभावकारी सेवाका माध्यमबाट नागरिकलाई सुखद अनुभूति दिलाउने प्रयास नै यस वडा नं. ६ मा भएको सुशासनको थालनी हो । यस वडा नं. ६ मा सुशासनलाई प्रवर्द्धन गर्न गरिएका प्रयासहरुलाई निम्नानुसार उल्लेख गरिएको छ –**

- जनशहभागिता  मूलक शासन व्यवस्थाको अभ्यास,
- नागरिक वडा पत्रको व्यवस्था,
- सूचना पाटी मार्फत सूचना सम्प्रेषणको व्यवस्था,
- वडाको सूचना, सेवा प्रवाहको विषयमा सामाजिक सञ्जाल  मार्फत सूचना प्रचारप्रसार गर्ने गरीएको,
- जनउत्तरदायी सरकार सञ्चालनको प्रयास गरिएको,
- जवाफदेही शासन सञ्चालनको प्रयास भएको ।

अन्त्यमा-..........................................................( निष्कर्ष).